# गैरआवासीय नेपाली संघ

## क्षेत्रीय तथा विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन सञ्चालन सम्बन्धी नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>
सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ क्षेत्रीय तथा विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन सञ्चालन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - ***सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक***

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान *......................... को दफा १२ मा उल्लेखित विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन र उपदफा १२.१ मा उल्लेखित क्षेत्रीय सम्मेलनलाई व्यवस्थित र मर्यादित बनाउनको आवश्यक भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली क्षेत्रीय तथा विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलन सञ्चालन सम्बन्धी नियमावली, २०२३" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।*<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जनाउनेछ ।

(घ) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको राष्ट्रिय समन्वय परिषदलाई जनाउँने छ ।

(ङ) "**क्षेत्रीय सम्मेलन**" भन्नाले संघको विधानको उपदफा १२.१ अनुसार गरिने क्षेत्रीय सम्मेलनलाई जनाउनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।

(च) "**विषयगत सम्मेलन**" भन्नाले संघको विधानको दफा १२ अनुसार गरिने विज्ञ, लगानी, श्रम, महिला, युवा लगायत विषयगत सम्मेलनलाई जनाउनेछ ।

(छ) "**क्षेत्रीय सम्मेलन आयोजक समिति**" भन्नाले क्षेत्रिय सम्मेलनको आयोजना गर्नको लागि सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकको अध्यक्षताबाट गठित क्षेत्रीय सम्मेलन आयोजक समितिलाई जनाउनेछ ।

(ज) "**क्षेत्रीय समिति**" भन्नाले संघले विधानको दफा १९(क) बमोजिम गठन गरेको क्षेत्रीय समितिलाई जनाउनेछ ।

३. <u>**क्षेत्रीय सम्मेलन सञ्चालन सम्बन्धी प्रक्रियाः**</u>

(१) संघको क्षेत्रीय प्रत्येक २ वर्षमा एक चोटी विश्व सम्मेलन नहुने वर्षमा सम्बन्धित क्षेत्रमा आयोजना गर्न सकिनेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकसँग समन्वय गरी क्षेत्रीय सम्मेलनको, स्थान र छलफलको सूची तोक्नेछ ।

(३) क्षेत्रीय सम्मेलनको आयोजना संघ र सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को संयुक्त आयोजनामा सञ्चालन गरिनेछ ।

(४) क्षेत्रीय सम्मेलन आयोजना गर्नको लागि सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकको संयोजकत्वमा क्षेत्रीय सम्मेलन आयोजक समिति गठन गरिनेछ ।

(५) क्षेत्रीय सम्मेलनको सचिवालय सम्बन्धी सम्पूर्ण कार्य सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले गर्नेछ ।

(६) क्षेत्रीय सम्मेलन आयोजक समितिका सदस्यहरुको चयन क्षेत्रीय सम्मेलन आयोजक समितिका संयोजकले सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषदसँग समन्वय गरी गर्नेछ । क्षेत्रीय सम्मेलन आयोजक समितिमा बढिमा २५ जना भन्दा बढी सदस्य चयन गर्न पाइने छैन ।

(७) क्षेत्रीय सम्मेलनको कार्यलाई छिटो र सरल गर्नको लागि आयोजक समितिका संयोजकले उपाध्यक्षहरु मध्ये एक जनाको संयोजकत्वमा ७ जना सदस्यहरु भएको एक Steering Committee गठन गर्न सक्ने छ । आवश्यक्ता अनुसार अन्य क्षेत्रीय सम्मेलन वा विषयगत सम्मेलनमा विभिन्न उपसमितिहरुको गठन गरिने छ र ती गठन भएका उपसमितिहरुमा ११ जना भन्दा बढि सदस्य चयन गर्न पाइने छैन । उपसमितिका सदस्यहरुको चयन उपसमितिका संयोजकहरुले गर्नु पर्नेछ ।

(८) क्षेत्रीय सम्मेलनका अवसरमा गरिने कार्यक्रमहरुको कार्य तालिका सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषद् र सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्सँग समन्वय गरी तयार गर्नु पर्ने छ ।

(९) क्षेत्रीय सम्मेलनको कार्यक्रमको तालिका अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट अनुमोदन गराई सम्मेलन हुनु भन्दा ठिक १५ दिन अगाडी अन्तर्राष्ट्रिय समन्वय परिषद्को वेभसाइटमा प्रकाशित गर्नु पर्नेछ ।

(१०) सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकले सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्सँग समन्वय गरी क्षेत्रीय सम्मेलनको अनुमानित आय ब्ययको स्वीकृत बजेट सम्मेलन भन्दा १ महिना अगाडी अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई उपलब्ध गराउनु पर्ने छ ।

(११) क्षेत्रीय सम्मेलनका लागि गठन भएका प्रत्येक उपसिमितिहरुका संयोजकले आ-आफ्ना उपसमितिले गरेका कार्यहरुको प्रतिवेदन Steering Committee का संयोजकलाई हरेक १५ दिन भित्र बुझाउनु पर्नेछ ।

(१२) क्षेत्रीय सम्मेलनको अध्यक्षता सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकले र क्षेत्रीय संयोजकको अनुपस्थितिमा क्षेत्रीय उपसंयोजकहरु मध्ये एक उपसंयोजकले गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरुसंग समन्वय गरी अध्यक्षता गर्ने क्षेत्रीय उपसंयोजकको चयन गर्नेछ । क्षेत्रीय संयोजक वा उपसंयोजकको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्संग सल्लाह गरी चयन गरेको व्यक्तिले क्षेत्रीय सम्मेलनको अध्यक्षता गर्ने छ ।

(१३) क्षेत्रीय सम्मेलन बढीमा ३ दिन सम्म आयोजना गर्न सकिने छ । पहिलो दिन उद्घाटन समारोहका साथै अन्य समसामयिक विषयमा छलफल गरिने छ । दोश्रो दिन सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरुका गतिविधिहरु, महिला तथा युवा सम्मेलन र तेश्रो दिन विज्ञ सम्मेलनको आयोजना गरिनेछ । क्षेत्रीय सम्मेलन सम्पन्न भएको दिन देखी १ महिना भित्र सम्बन्धित क्षेत्रका संयोजकले क्षेत्रीय सम्मेलनको गतिविधि तथा आर्थिक प्रतिवेदन अनिवार्य रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नुपर्नेछ ।

(१४) क्षेत्रीय सम्मेलन भौतिक वा अनलाईन माध्यमबाट गर्ने सकिनेछ ।

४. **<u>विषयगत सम्मेलन सञ्चालन सम्बन्धी प्रक्रियाः</u>**

(१) विश्वका विभिन्न मुलुकहरुमा नेपालीहरुले आर्जेको विभिन्न सीप, ज्ञान, प्रविधि तथा कौशल एवं अनुभवलाई नेपालको समृद्धिमा उपयोग गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नेपाल भित्र वा बाहिर एक विज्ञ सम्मेलनको आयोजना गर्न सक्नेछ ।

(२) नेपालको सामाजिक आर्थिक क्षेत्रमा टेवा पुऱ्याउनको लागि लगानी तथा अन्य विषयगत सम्मेलन गर्न सक्नेछ ।

(३) विज्ञ सम्मेलन प्रत्येक २ वर्षमा एक पटक आयोजना गरिनेछ ।

(४) विज्ञ वाहेको अन्य विषयगत सम्मेलन आवश्यकता अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम गरिनेछ ।

(५) विषयगत सम्मेलनहरु समय, मिति, स्थान र छलफलका विषयवस्तु अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके अनुसार हुनेछ ।

(६) विषयगत सम्मेलनको आयोजनका गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्षको नेतृत्वमा विषयगत सम्मेलन आयोजक समिति गठन हुनेछ ।

(७) विषयगत सम्मेलनको आयोजक समितिका सदस्यहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके अनुसार हुनेछ ।

(८) विषगत समितिको सहज व्यवस्थापन र सञ्चालन गर्नका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले नै Steering Committee को कार्य गर्नेछ ।

(९) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विषयग सम्मेलनको थप व्यवस्थापन गर्नका लागि आवश्यकता अनुसार विभिन्न् उपसिमितहरु गठन गर्ने सक्नेछ । उपसमितिका संयोजक र सदस्यहरु अन्तर्राष्ट्रिय समन्वय परिषद् तोकेका व्यक्ति हुनेछन् ।

(१०) विषयगत सम्मेलनको अवसरमा गरिने कार्यक्रमको कार्य तालिका अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोके अनुसार हुनेछ ।

(११) विषयगत सम्मेलन भौतिक वा अनलाईन माध्यमबाट आयोजना गर्न सकिनेछ ।

५. **नाम दर्ता तथा सहभागीताः**

(१) क्षेत्रीय तथा विषयगत सम्मेलनमा आमन्त्रीत नेपाल सरकार, नेपालका नीजी क्षेत्रका संघ संस्था, विभिन्न राजनैतिक दलका नेताहरु, कूटनीतिक नियोगका प्रमुखहरु, नीजि क्षेत्रका उद्योगी तथा व्यवसायीहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाका प्रमुखहरु, बुद्धिजीविहरु, संचारकर्मीहरुका साथै गैरआवासीय नेपालीहरुको सहभागीता रहने छ ।

(२) सम्मेलनमा सहभागीताका लागि इच्छुक नेपाली तथा गैरआवासीय नेपालीहरुले आयोजक राष्ट्रिय समन्वय परिषद्ले तोकेको दर्ता शुल्क बुझाइ आफ्नो नाम दर्ता गर्न सक्ने छ ।

(३) नाम दर्ता गराएका प्रतिनिधिहरुले क्षेत्रीय तथा विषयगत सम्मेलन सम्बन्धी प्रकाशन र सामग्रीहरु पाउनुका साथै क्षेत्रीय तथा विषयगत सम्मेलनका लागि आयोजना गर्ने दिवा र रात्री भोजमा सहभागी हुन पाउने छन् ।

६. **साझेदारीः**

(१) क्षेत्रीय सम्मेलनले सम्बन्धित क्षेत्रमा रहेका गैरआवासीय नेपाली समुदाय माझ आफ्नो सोच र व्यवसाय प्रबर्द्धन गर्न इच्छुक प्रतिष्ठान तथा व्यक्तिहरुलाई क्षेत्रीय सम्मेलनको साझेदार (Partner/Sponsor) अवसर प्रदान गर्न सक्ने छ ।

(२) विषयगत सम्मेलनमा इच्छुक प्रतिष्ठान तथा व्यक्तिहरुलाई विषयगत सम्मेलनको साझेदार (Partner/Sponsor) अवसर प्रदान गर्न सक्ने छ ।

(३) क्षेत्रीय सम्मेलन वा विषयगत सम्मेलनमा Platinum, Gold तथा Silver प्रायोजक हुनुको अतिरिक्त दिवा भोज, रात्री भोज लगायतका विभिन्न इभेण्ट प्रायोजन गरेर आफ्नो साझेदारी देखाउन सकिनेछ ।

(४) साझेदारीको विस्तृत विवरण संघको वेभसाइट www.nrna.org बाट प्राप्त गर्न सकिनेछ ।

७. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानसंग नबाझिने गरी फुकाउन सक्नेछ ।

*७(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

८. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

९. **खरेजी र बचाउः**

(१) गैरआवासीय नेपाली संघ क्षेत्रीय सम्मेलन, भेला तथा बैठक सञ्चालन सम्बन्धी नियमावली २०१९ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली संघ क्षेत्रीय सम्मेलन, भेला तथा बैठक सञ्चालन सम्बन्धी नियमावली २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

* पहिलो संशोधनद्वारा थप ।